# घोडाघोडी नगरपालिकाका बासिन्दालाई निशुल्क रगत उपलब्ध गराउने सम्बन्धी सम्झौता पत्र

घोडाघोडी नगरपालिकाको कार्यालय (यस पछि नगरपालिका भनिने) र नेपाल रेडक्रस सोसाइटी कैलाली जिल्ला शाखा (यसपछि रक्तसंचार केन्द्र धनगढी भनिने) बीच घोडाघोडी नगरपालिकाका बासिन्दाहरुलाई निशुल्क रगत उपलब्ध गराउने सम्बन्धमा देहाय बमोजिम शर्तहरु पालना गर्न दुवै पक्ष सहमत भई यो सम्झौता पत्रमा सहीछाप गरि एक एक प्रति बुझी लियौ दियौं ।

**यस सम्झौताका उद्धेश्यहरु**

१) घोडाघोडी नगरपालिकाका बासिन्दाहरुलाई निशुल्क रगत उपलब्ध गराउने,

२) घोडाघोडी नगरपालिकाबाट रक्तसंचार केन्द्र धनगढीलाई रगत संकलन कार्यमा आवश्यक सहयोग गर्ने ।

**सहमतिका बुँदाहरु तथा शर्तहरु**

१) रगत वा रगतजन्य पदार्थ आवश्यक पर्दा मौज्दात भएको आधारमा प्राथमिकता दिई रक्तसंचार केन्द्र धनगढी र टिकापुरले घोडाघोडी नगरपालिकाका बासिन्दाहरुलाई रगत तथा रक्ततत्व उपलब्ध गराउने ।

२) नगरपालिकाले रक्तसंचार केन्द्रलाई प्रति पिन्ट रु. ११५०/- (अ.रु. एघार सय पचास मात्र) का दरले कागजपत्रको आधारमा उपलब्ध गराउने ।

३) निशुल्क रगत वा रक्ततत्व लिएको सेवाग्राही घोडाघोडी नगरपालिकाको स्थायी बासिन्दा भएको खुल्ने कागजातहरु (जस्तै जन्मदर्ता / नागरिकता / मतदाता परिचयपत्र / बसाई सराई वा पालिकाको सिफारिस पत्रमध्ये कुनै एक) को प्रतिलिपि ।

४) आपतकालिन अवस्थामा रगत लिनु पर्ने भई आवश्यक कागजातहरु पेश गर्न नसक्ने अवस्था भएमा व्यक्तिले नगद भुक्तानी गरि सेवा लिन सक्नेछ । नगरपालिकाको सिफारिश वा कागजातहरु प्राप्त भएपछि भुक्तानी रकम स्वयं व्यक्तिलाई फिर्ता गर्ने वा वीलको आधारमा सोझै नगरपालिकाबाट नै भुक्तानी हुने व्यवस्था मिलाइनेछ । यो कारवाही रगत माग गरेको ३५ दिनभित्रै टुङ्ग्याउनु पर्नेछ ।

५) रक्तसंचार केन्द्रबाट लिईसकेको रगत वा रक्ततत्व प्रयोग नभएमा गुणस्तर नविगारी फिर्ता गर्न गराउन विरामीका आफन्तलाई उत्प्रेरित गराउन संयुक्त जिम्मेवारी हुनेछ ।

६) घोडाघोडी नगरपालिकाभित्र रक्तदान उत्प्रेरणा कार्यक्रमको आयोजना गर्न गराउन नगरपालिकाले वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्नेछ । यसका लागि आवश्यक प्राविधिक सहयोग रक्तसंचार केन्द्र धनगढीले गर्नेछ ।

घोडाघोडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुखड, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

नेपाल रेडक्रस सोसाइटी
कैलाली जिल्ला शाखा

७) नगरपालिका भित्रका प्रत्येक वडाहरुमा पालो मिलाई वार्षिक रुपमा कम्तीमा २ वटा रक्तदान शिविरहरुको आयोजना गरिनेछ। यसका लागि आवश्यक प्राविधिक सहयोग रक्तसंचार केन्द्र धनगढीले गर्नेछ।

८) रगत वा रक्ततत्व प्रयोगमा नआई फिर्ता गर्नु पर्ने अवस्थामा रक्तसंचार केन्द्रबाट प्रदान गरिएको Whole Blood र Packed Red Blood Cell PRC बाहेक अन्य रक्ततत्वहरु फिर्ता गरिने छैन। फिर्ता गरिएको रगत वा रक्ततत्वमा लिइएको शुल्कमा नियमानुसारको Cross Match वाफतको रकम कट्टा गरिनेछ।

९) आपसी सहमतिमा सम्झौता अवधि र शर्तहरु थपघट गर्न गराउन सकिनेछ।

१०) दुवै पक्षको सहभागितामा आवश्यकताका आधरमा समीक्षा बैठकको आयोजना गरिनेछ।

११) यो सम्झौता अवधि २०८१ असोज १ गतेदेखि लागुभई २०८२ आषाढ मसान्तसम्म कायम रहनेछ।

१२) आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र पुनः सम्झौता गर्न सकिनेछ।

१३) नगरपालिकालाई प्रत्येक आर्थिक वर्षमा प्रतिवेदन उपलब्ध गराइनेछ।

१४) यस सम्झौतापत्रमा उल्लेख नभएका कुराहरुका हकमा प्रचलित कानुन बमोजिम हुनेछन्।

| | |
|---|---|
| **नगरपालिकाका तर्फबाट** | **नेरेसो कैलाली जिल्ला शाखाको तर्फबाट** |
| नामः खडक बहादुर रावत | नामः बासुदेब बिनाडी |
| पदः नगर प्रमुख | पदः सभापति |
| हस्ताक्षरः | हस्ताक्षरः |
| कार्यालयको छापः | कार्यालयको छापः |

(छाप: नेपाल रेडक्रस सोसाइटी कैलाली जिल्ला शाखा)

(छाप: घोडाघोडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुखड, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल)

**साक्षीहरु**

| | |
|---|---|
| नामः खगेन्द्र बहादुर सिंह | नामः खेमराज जोशी |
| पदः नि. प्रमुख प्रशासकीय अधिकृत | पदः जि. स. स्वास्थ्य संयोजक |
| हस्ताक्षरः | हस्ताक्षरः |

**मितिः २०८१ साल भाद्र ३१ गते रोज २ मा शुभम्**